"नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम संचालन प्रक्रिया, २०७६"

कृषि विभागबाट स्वीकृत मिति: २०७६/०७/१८

नेपाल सरकार
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि बिभाग

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र

कीर्तिपुर, काठमाडौं

# नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

**प्रस्तावना:** तरकारीकोउत्पादन र उत्पादकत्व बृद्धिमा गुणस्तरीय बिउको महत्वपूर्ण भूमिका रहन्छ।आ.व.२०७४/७५ मा नेपालमा सरकारी फार्महरुबाट ६४५२.६९ किलोग्राम र अन्य क्षेत्रहरुबाट ३,०२,२८७.५ किलोग्राम गरी जम्मा ३०८७४०.१९ किलोग्राम तरकारीको बीउ उत्पादन भएको थियो। राष्ट्रिय बीउ बिजन नीति, २०५६ ले विभिन्न बालीको आवश्यक गुणस्तरीय तथा परिमाणात्मक बीउ बिजन सुव्यवस्थित रुपले उपलब्ध गराउने, गुणस्तरीय बीउ उत्पादन गरी निर्यात प्रबर्द्धन गर्ने र नेपालको आफ्नै बिशेषतायुक्त बीउहरुको आनुवांशिक चरित्रलाई अक्षुण र सुरक्षित राख्ने उद्देश्य राखेको छ। कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने तथा व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य रहेको सन्दर्भ एवं नेपाल सरकारको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमको बुदाँ नं. ७१ मा कृषिजन्य प्रमुख खाद्यवस्तुहरुको उत्पादनमा तीव्र वृद्धी गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने उल्लख रहेको परिप्रेक्ष्यमा नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारीको बीउ उत्पादन, उत्पादकत्व बृद्धि र गुणस्तरमा सुधार गरी तरकारी बीउको आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउन बाञ्छनीय भएकोले राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बिउ उत्पादन कार्यक्रम संचालनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७६/०५/२२ मा प्राप्त मार्गदर्शनले दिएको अधिकार प्रयोग गरी कृषि विभागले "नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६" स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यक्रम सञ्चालन प्रक्रियाको नाम "नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम संचालन प्रक्रिया, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन प्रक्रिया कृषि बिभागवाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन प्रक्रियामा;

(क) "अनुदान" भन्नालेयस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम तरकारी बीउ उत्पादन कार्यक्रम अन्तर्गत उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण लगायतमा प्रदान गरिने नगद तथा वस्तुगत सहुलियत सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम तरकारी बीउ उत्पादन कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने संघ, कृषक, कृषक समुह, सहकारी, बीउ उत्पादक कम्पनी/फर्म सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यक्रम संचालन प्रक्रिया बमोजिम सञ्चालन हुने नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "केन्द्र" भन्नाले राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र सम्झनु पर्दछ।

(ङ) "क्लस्टर" भन्नाले उन्नत बीउ उत्पादनको हकमा गाजर वीउ उत्पादनको लागि कम्तिमा १ हेक्टर, सिमी, मूला, प्याज, काक्रो र रायो सागको वीउ उत्पादनको लागि कम्तिमा २.५ हेक्टरको क्षेत्रफल सम्झनु पर्दछ र मूल बीउ उत्पादनको हकमा गाजर वीउ उत्पादनको लागि कम्तिमा १ रोपनी, सिमी, मूला, प्याज, काक्रो र रायो सागको वीउ उत्पादनको लागि कम्तिमा ५ रोपनी क्षेत्रफल सम्झनु पर्दछ

(च) "नेपाल सरकारबाट स्वीकृत कार्यविधि" भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ सम्झनु पर्दछ।

(छ) "प्रस्ताव" भन्नाले तरकारी मूल बीउ तथा बीउ उत्पादनका लागि संघबाट पेश भएको प्रस्ताव सम्झनु पर्दछ।

(ज) "फार्म केन्द्र" भन्नाले कृषि विभाग मातहतका फार्म केन्द्र सम्झनुपर्दछ।

(झ) "बीउ उत्पादक" मूल तथा उन्नत बीउ उत्पादन गर्ने कृषक, कृषक समुह, सहकारी, बीउ उत्पादक कम्पनी/फर्म सम्झनु पर्दछ ।

(ञ) "मूल बीउ" भन्नाले बिउ बिशेषज्ञहरुको रेखदेखमा प्रजनन बिउबाट उत्पादन गरिएको बिउ सम्झनुपर्दछ।

(ट) "उन्नत बीउ" भन्नाले बालीको सेचन प्रकृति अनुसार मूल वा प्रमाणित स्तरको बीउ प्रयोग गरि बिउ उत्पादक र बिउ बिशेषज्ञको रेखदेखमा उत्पादन गरिएको बीउ सम्झनुपर्दछ।

(ठ) "वार्षिक स्वीकर्त कार्यक्रम" भन्नाले केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्दछ।

(ड) "सिफारिस समिति" भन्नाले दफा ६ को उपदफा (२) बमोजिमको समिति सम्झनु पर्दछ।

(ढ) "संघ" भन्नाले "नेपाल बीउ व्यवसायी संघ" सम्झनु पर्दछ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया अन्तर्गत सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) तरकारीको गुणस्तरीय बीउ उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्दै आत्मनिर्भरता तर्फ उन्मुख हुने,

(ख) तरकारीको गुणस्तरीय बीउ उत्पादन बढाई तरकारीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

४. <u>अपेक्षित प्रतिफल:</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया अन्तर्गत सञ्चालन हुने कार्यक्रमको अपेक्षित प्रतिफलहरू देहाय बमोजिम रहेका छन्:-

(क) कार्यक्रम कार्यान्वयनको प्रथम वर्ष पश्चात २५७५जना बीउ उत्पादक कृषकको क्षमता अभिबृद्धि हुने, उत्पादित बीउको सहज रुपमा बजारिकरण हुने, स्थानीय बजारमा गुणस्तरीय बीउको उपलव्धतामा बृद्धि हुने र कृषकको आयस्तर बृद्धिमा टेवा पुग्नेछ।

(ख) गुणस्तरीय तरकारी बीउको प्रयोगले तरकारीको उत्पादन र उत्पादकत्व बृद्धीमा सहयोग पुग्नेछ।

(ग) तरकारी बीउ उत्पादनमा प्रमाणीकरण पद्धति लागू हुनेछ।

(घ) तरकारी बिउको प्रतिस्थापन दर बृद्धि हुनेछ।

५. <u>कार्यक्रम लागु हुने क्षेत्र, बाली र समयावधि:</u> यो कार्यक्रम आ.व. २०७६/७७ मा अनुसूची-१ मा उल्लेख भएका बाली तथा जिल्लाहरुमा सञ्चालन गरिनेछ । यस कार्यक्रमको प्रभावकारीता, सम्भाव्यता र वार्षिक स्वीकृत कार्यक्रम तथा वजेट उपलव्धताको आधारमा थप क्षेत्र तथा बालीहरुमा लागू गर्न सकिनेछ ।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन सम्वन्धी</u>

६. <u>कार्यक्रम सञ्चालन विधी:</u>(१) अनुसूचि-२ मा उल्लेख भए बमोजिम उन्नत बीउ र अनुसूची-३ मा उल्लेख भए बमोजिम मूल बीउ उत्पादन गर्न संघले ब्यवसायिक योजना सहित अनुसूची-४ बमोजिमको प्रस्ताव केन्द्रमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव प्राप्त भएपछि प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, | -संयोजक |
| अधिकृत प्रतिनिधि, कृषि विभाग | -सदस्य |
| अधिकृत प्रतिनिधि, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | -सदस्य |
| प्रतिनिधि बाणिज्य बैंक | -सदस्य |
| बरिष्ठ बागवानी विकास अधिकृत, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, | -सदस्य सचिब |

(३) उपदफा (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) उपदफा (१) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्ने ।

(ख) प्रस्ताव मूल्याङ्कनको लागि मूल्याङ्कनको आधारहरु तयार गर्ने।

(ग) प्रस्ताव मूल्याङ्कनका लागि आवश्यकता अनुसार स्थलगत प्रमाणिकरण गर्ने।

(घ) छनौट भएको प्रस्तावलाई अनुदान उपलव्ध गराउन आवश्यकता अनुसार क्रियाकलाप र सम्झौतापत्र परिमार्जन गरी सम्झौता गर्न स्वीकृती दिने।

(ङ) सञ्चालित कार्यक्रम कार्यान्वयनका सम्वन्धमा मार्गदर्शन दिने तथा प्राविधिक सल्लाह सुझाव दिने।

(च) यस कार्यक्रम सञ्चालन प्रकृया अनुरुप कार्यक्रम सञ्चालनमा आएका समस्या निराकरण गर्ने।

(४) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञ प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) संघले तरकारीको बीउ उत्पादन गर्ने कृषक/समुह/सहकारी छनौट गरी कार्यक्रम संचालन गर्नेछ।

(६) उपदफा (२) बमोजिम स्वीकृत प्रस्ताव अन्तर्गत बीउ उत्पादनका लागि संघले छनौट गर्ने बीउ उत्पादकको योग्यता देहाय बमोजिम हुनुपर्नेछ:

(क) कृषि सम्वन्धी कार्य गर्ने अभिप्रायले दर्ता, नविकरण तथा स्थायी लेखा नम्वर भएको हुनुपर्नेछ। स्थायी लेखा नम्वर नलिएका आवेदकले छनौट भएको खण्डमा सम्झौता पूर्व अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिई पेश गर्नुपर्नेछ।

(ख) आवेदकले कानून अनुसार पुरा गर्नुपर्ने दायित्वहरु जस्तै लेखा परीक्षण, करचुक्ता, नविकरण पुरा गरेको प्रमाणपत्रको प्रतिलिपी।

(ग) आवेदकसँग बीउ उत्पादन कार्यको अनुभव भएको हुनुपर्नेछ ।

(घ) मूल बीउ उत्पादन गर्ने किसानको हकमा बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रबाट लिईएको मूल बीउ उत्पादन अनुमति पत्रको प्रतिलिपी, मूल बीउ उत्पादन अनुमति पत्र नलिएका आवेदकले सम्झौता पूर्व अनिवार्य रुपमा मूल बीउ उत्पादन अनुमति लिई पेश गर्नुपर्नेछ।

(ङ) खेती गरिने जग्गाको जग्गाधनी प्रमाण-पुर्जाको सक्कल तथा छाँयाप्रति साथै करारमा लिएको जग्गाको हकमा कम्तीमा ५ वर्षको करारनामा हुनुपर्नेछ।

(च) संरचना निर्माण कार्यको लागि समुह, सहकारी वा फर्मको नाममा जग्गा रहेको अवस्थामा प्राथमिकता दिइनेछ।

(छ) समूह, सहकारी वा फर्मको जग्गा नभएको अवस्थामा कुनै एक सदस्यले सम्पूर्ण सदस्यहरुलाई सेवा सुविधा दिने शर्तमा करारनामा गरी संरचना निर्माणको कार्यक्रम दिन सकिनेछ।

(ज) मेशिनरी औंजार संचालनको हकमा समूह, सहकारी वा फार्म मार्फत संयुक्त रुपमा संचालन गर्नुपर्नेछ वा एक सदस्यले सम्पूर्ण सदस्यहरुलाई सेवा सुविधा दिने शर्तमा करारनामा गरी कार्यक्रम सन्चालन गर्न सकिनेछ।

## परिच्छेद-३

## कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरू

७. सञ्चालन हुने क्रियाकलाप: (१) तरकारी बिउ उत्पादन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ:-

(क) अभिमुखीकरण कार्यक्रमः कार्यक्रम संचालन गर्नुपूर्व जिल्ला स्थित क्लस्टरमा संलग्न तरकारी बीउ उत्पादक कृषकहरुलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) तरकारी बीउ उत्पादन सम्बन्धी तालिम : जिल्ला स्थित क्लस्टरमा संलग्न तरकारी बिउ उत्पादक कृषकहरुलाई २ दिने तालिम संचालन गरिनेछ।

(ग) बजारीकरण गोष्ठीः कृषक, बीउ ब्यबसायी र अन्य सरोकारवालाहरुको सहभागितामा बजारीकरण गोष्ठी संचालन गरिनेछ।

(घ) बीउ उत्पादन गर्ने कृषक, कृषक समूह, सहकारी, कम्पनी/फर्मलाई अनुदानमा बीउ वितरण गरिनेछ।

(ङ) आकस्मिक बाली संरक्षण सेवाः तरकारी उत्पादन क्षेत्रमा विभिन्न रोग तथा कीराबाट बालीलाई बचाउनको लागि आवश्यक वाली संरक्षण सामग्री स्प्रेयर पम्प खरिद गरी प्रयोग गर्नको लागि अनुदान प्रदान गरिनेछ।

(च) त्रिपाल वितरणः तरकारी बीउ सुकाउन तथा चुटनको लागि २०० जि एस एम को १०मी x ६ मी को त्रिपालमा अनुदान प्रदान गरिनेछ।

(छ) बोरा वितरणः बीउ भण्डारण गर्नको लागि बोरामा अनुदान प्रदान गरिनेछ।

(ज) उत्पादित बीउको गुणस्तर परिक्षणः उत्पादित बीउको गुणस्तर परिक्षण गरिनेछ।

(झ) मुलाको बीउ चुटनको लागि थ्रेसिङ्ग मेशिन वितरणः मुलाको बीउ चुट्नको लागि थ्रेसिङ्ग मेशिनमा अनुदान प्रदान गरिनेछ।

(ञ) मिनिटिलर वितरण: बीउ उत्पादन कृषक/कृषक समुह/सहकारी/कम्पनी/फर्मलाई अनुदानमा मिनिटिलर वितरण (प्रति हेक्टरको लागि १ वटा)मा अनुदान प्रदान गरिनेछ।

(ट) मिनीटिलर तथा थ्रेसिंग मेशिन ढुवानी गरिनेछ।

(ठ) तरकारी विउ उत्पादन कार्यक्रम संचालनका लागि कार्यक्रम संचालक र सामाजिक परिचालक नियुक्त गरिनेछ।

(ड) स्रोत बीउ उत्पादन गर्ने कृषक/कृषक समुह/सहकारी/ कम्पनी/फर्मलाई प्रजनन बीउमा अनुदान प्रदान गरिनेछ।

(ढ) प्रतिवेदन तयारी:हरेक वर्षको तरकारी बीउ उत्पादन, सम्पन्न गरिएका क्रियाकलाप लगायतको विस्तृत विवरण समावेश गरी प्रगति प्रतिवेदन तयार गरी केन्द्रलाई पेश गर्नुपर्नेछ। अन्तिम किस्ताको भुक्तानी माग गर्दा प्रतिवेदन सहित आवश्यक कागजात पेश गर्नुपर्नेछ।

(ण) उत्पादित तरकारी बीउको प्रमाणीकरण गरिनेछ ।

(त) यस दफामा उल्लेखित क्रियाकलापहरुको अलावा प्रस्तावमा अन्य क्रियाकलाप प्रस्ताव भएमा मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सम्झौतामा समावेश गर्न सक्नेछ ।

(२) तरकारी बिउ उत्पादन कार्यक्रमका लागि आवश्यकताको आधारमा एक जिल्लामा कार्यक्रम हेर्ने गरी एक सामाजिक परिचालक करारमा राख्न सकिनेछ। सामाजिक परिचालकको न्यूनतम योग्यता रा.प.अन.द्वितीय श्रेणी सरहको हुनुपर्नेछ। तरकारी बिउ उत्पादन कार्यक्रमका लागि सम्पूर्ण कार्यक्रम हेर्ने गरी एक कार्यक्रम संयोजक करारमा राख्न सकिनेछ । कार्यक्रम संयोजकको न्यूनतम योग्यता कृषि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ। सामाजिक परिचालक र कार्यक्रम संयोजकको नियुक्ति केन्द्रले गर्नेछ। सामाजिक परिचालक र कार्यक्रम संयोजकको अन्य योग्यता आवश्यकता अनुसार केन्द्रले तय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त हुने प्राविधिकको काम, कर्तव्य तथा अधिकार केन्द्रले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४
## सम्झौता एवं अनुदान भुक्तानी

८. अनुदान रकम निर्धारण: (१)यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएको प्रस्तावलाई उपलब्ध गराईने अनुदान रकम वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(२) प्रचलित ऐन तथा नियमावलीको परिधिमा रही सूचना प्रकाशन, छनौटका लागि मूल्याङ्कन

समिति वैठक भत्ता, अनुगमन मूल्याङ्कन, कार्यालय सञ्चालन तथा मर्मत खर्च लगायतका कार्यका लागि सम्झौता रकमको अधिकतम ३ % (तीन प्रतिशत) कन्टिन्जेन्सी वापत छुट्याइनेछ।

९. <u>अनुदानग्राहीसँग सम्झौता गरिने:</u> (१)संघबाट पेश भएको प्रस्ताव छनौट भई अनुदान रकमको निर्धारण भए पश्चात केन्द्रले संघसँग अनुसूची-५ बमोजिम ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सम्बन्धित कार्यक्रम सञ्चालन प्रक्रियाले तोकेको प्रक्रियाको अलावा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय अनुदान भुक्तानी हुने बैंकका शाखा कार्यालय, विभिन्न समयमा कार्यसम्पन्न गर्नुपर्ने विषयहरु र सो अनुसार अनुदान प्रवाहको समयतालिका अनिवार्य उल्लेख गरिनेछ ।

१०. <u>अनुदान रकम भुक्तानी:</u> यसकार्यक्रम सञ्चालन प्रकृया बमोजिमको अनुदान रकम भूक्तानी सम्वन्धमा गरिने सम्झौता एवं अनुदान प्रवाह विधि नेपाल <u>सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।</u>

## परिच्छेद-५

## <u>कार्यक्रम अनुगमन तथा निरीक्षण</u>

११. <u>अनुगमन तथा निरीक्षण व्यवस्था:</u>(१)यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालित कार्यहरुको अनुगमन कृषि तथापशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, केन्द्र, फार्म केन्द्र लगायत सम्वन्धित सरोकारवाला कार्यालयहरुले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणका क्रममा दिईएका सुझाव कार्यान्वयन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

१२. <u>अनुदानग्राहीले पालना गर्नुपर्ने विषयहरु:</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार कार्यक्रममा सहभागी हुने अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ :-

(क) संघ/अनुदानग्राहीले प्रस्ताव अनुसारका क्रियाकलाप झल्कने गरी होर्डिङ्ग वोर्ड राख्नुका साथै सञ्चालन गरिने सम्पूर्ण कार्यको अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

(ख) प्रत्येक अनुदानग्राही कृषक, कृषक समूह, सहकारी तथा फर्मले उत्पादन योजना, उत्पादन सामग्री जस्तै बीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण, तथा प्रयोग गरिएको समय र पटक, उत्पादन गरिएको जात, उत्पादन र विक्री परिमाण, विक्री गरिएको स्थान लगायतका अन्य उत्पादन क्रियाकलापहरुको विवरण समावेश गरी अभिलेख राख्नुपर्नेछ र उक्त अभिलेख संघ मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ग) कार्यक्रम सञ्चानलका क्रममा अनुगमनमा खटिएका निकायको लिखित निर्देशन पालना गर्नुपर्नेछ साथै अभिलेख देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

(घ) अनुदानग्राहीले अनुदान प्राप्त गर्न छोडेको कम्तीमा ५ वर्ष सम्म तरकारी बीउ उत्पादनलाई निरन्तरता दिनुपर्नेछ ।

(ङ) अनुदानग्राहीले बाली बीमा र उत्पादन बिक्री गर्ने कार्य आफैंले गर्नुपर्नेछ ।

(च) अनुदानग्राहीले तरकारी बिउ बजारीकरण गर्दा कृषक समूह, सहकारी वा फार्मको विवरण खुल्ने गरी बोरामा स्वघोषणाद्वारा यथार्थ संकेतपत्र लेवलिङ्ग गरिऐको हुनुपर्नेछ।

(छ) अनुदानग्राहीले तरकारी बीउ बजारीकरण गर्दा बीउलाई टयागिङ्ग र लेवलिङ्ग गरेको हुनुपर्नेछ।

१३. <u>कारवाहीको व्यवस्था:</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा कार्यक्रम निरन्तर नगरेको पाइएमा वा खर्च रकमको हिसाब नबुझाएमा संघलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

१४. <u>प्रगति प्रतिवेदन पठाउनुपर्ने:</u> संघले कार्यक्रमको प्रगति विवरण अनुसूची-६ बमोजिमको ढाँचामा मासिक रुपमा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

१५. <u>प्रचलित कानून लागु हुने:</u> यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएका विषय यसै कार्यक्रम सञ्चालन प्रक्रिया र नभएका विषय प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ। यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म बाझिएको मानिनेछ ।

१६. <u>बाधा अडचन निरुपण, संसोधन एवं खारेजी:</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया कार्यन्वयनमा केहि बाधा ब्यबधान आइपरेमा वा बिबाद उत्पन्न भएमा सोको निरुपण केन्द्रले गर्नेछ।

१७. <u>कार्यक्रम सञ्चालन प्रक्रिया संशोधन एवम् खारेजी:</u> कृषि विभागले यसकार्यक्रम संचालन प्रक्रियामा आवश्यक परिमार्जन एवं संशोधन र खारेज गर्न सक्नेछ।

अनुसूची-१
(दफा५ सँगसम्वन्धित)

नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम संचालन गरिने जिल्ला तथा बालीहरु

| तरकारीको बीउ | जिल्ला |
|---|---|
| सिमी | डडेलधुरा, सल्यान र रुकुम |
| गाजर | जुम्ला |
| मूला | सल्यान र रुकुम |
| प्याज | सल्यान र रुकुम |
| काक्रो | पर्वत र सल्यान |
| रायो साग | पर्वत र म्याग्दी |

## अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

उन्नत बीउ उत्पादनका लागि बाली, जात, क्षेत्रफल र परिमाण विवरण

| सि न | बाली | जात | क्षेत्रफल हे | बीउ उत्पादन (के.जी.) |
|---|---|---|---|---|
| १ | गाजर | न्यु करोदा | ३ | २४०० |
| २ | सिमी | चैमासे, त्रिसुली | १५ | १३५०० |
| ३ | मूला | मिनोअर्ली | १५ | १३५०० |
| ४ | प्याज | रेड क्रियल | १० | ५००० |
| ५ | काक्रो | भक्तपर लोकल | २० | ४००० |
| ६ | रायो साग | मार्फा चौडापात | २५ | १५००० |
| जम्मा | | | ८८ | ५३४०० |

## अनुसूची-३

### (दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

### मूल बीउ उत्पादनका लागि बाली, जात, क्षेत्रफल र परिमाण विवरण

| सि. नं. | बाली | जात | क्षेत्रफल रोपनी | मूल बिउ उत्पादन (के.जी.) |
|---|---|---|---|---|
| १ | गाजर | न्यु करोदा | १ | ४० |
| २ | सिमी | चैमासे, त्रिसुली | ५ | २२५ |
| ३ | मूला | मिनोअर्ली | ५ | २२५ |
| ४ | प्याज | रेड क्रियल | ५ | १२५ |
| ५ | काक्रो | भक्तपर लोकल | ५ | ५० |
| ६ | रायो साग | मार्फा चौडापात | ५ | १५० |

अनुसूची-४

(दफा ६को उपदफा (१)सँग सम्वन्धित)

व्यवसायिक योजना सहित प्रस्तावको नमूना

१. प्रस्तावकको नाम:

२. प्रस्तावकको ठेगाना:

३. संस्थाको परिचय तथा अनुभव विवरण (गरिरहेको कार्य विवरण):

४. कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार व्यक्ति:

५. प्रस्तावित जिल्ला/जग्गाको क्षेत्रफल:

५.१ जिल्ला र बालीको विवरण

| क्र.स. | जिल्ला | कार्यक्रममा समाबेश हुने कृषक, समुह, सहकारी, कम्पनी/फर्मको विवरण | बाली | जात | जम्मा क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*(नोट: १. बीउ उत्पादनमा समुह/सहकारी/फर्म/कम्पनी सहभागी हुने भए त्यस अन्तर्गतका उत्पादक किसानहरुको विवरण समेत संलग्न गर्ने, नेपाल बीउ व्यवसायी संघसँग बीउ उत्पादनमा आवद्ध हुने उत्पादक र नेपाल बीउ व्यवसायी संघबीच भएको बीउ उत्पादन सम्बन्धी सम्झौता केन्द्रमा पेश गर्नुपर्ने।*

*२. बीउ उत्पादनका लागि प्रस्तावित क्लष्टरमा सिंचाइ, सडक, विजुली सुविधा लगायत आवश्यक विवरण संलग्न गर्ने)*

६. प्रस्तावित योजना

| क्र.स. | विवरण | परिमाण | दर (रु.) | जम्मा (रु.) | अनुदान (रु.) | आफ्नो लगानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| पुँजीगत संरचना | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मेशीनरी औजार | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| चाँलु खर्च | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| अन्य खर्च | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कूल जम्मा | | | | | | | |
| प्रतिशत | | | | | | | |

७. प्रस्तावित यान्त्रिकरणको लागि मेशिनहरुको विवरण तथा स्पेशिफिकेशन (हाल के कस्ता खालका मेशिनहरु प्रयोग भई रहेका छन्, तिनीहरुको विवरण तथा यस कार्यक्रममा उल्लेखित मेशीनहरु के कसरी प्रयोग गर्ने, कति क्षमताको खरीद गर्ने, स्वामित्व कस्को हुने लगाएतका विस्तृत विवरण राखे।)

८. बालीपात्रो तयारीः यसमा तरकारी बीउ उत्पादनको लागि गरिने बार्षिक कृषि-कर्महरुको विवरण तयार गर्ने।

| कृषि-कर्मको विवरण | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

९. अपेक्षित प्रतिफल

| क.स. | तरकारी बाली | कृषक संख्या | उत्पादन परिमाण | विक्रि दर (रु.) | जम्मा आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०.संघबाट सहकार्य हुने विषय तथा लगानी प्रतिवद्धताको विवरण

# अनुसूची -५
( दफा ९ सँग सम्वन्धित)

नेपाल सरकार ... विकास ... केन्द्र ... ललितपुर

**"नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी वीउ उत्पादन कार्यक्रम" लागि द्विपक्षीय सम्झौता**

मिति २०७..... साल ......... महिनाको ....... गतेका दिन ...................केन्द्र (यसपछि प्रथम पक्ष भनिएको) र (संघको नाम तथा ठेगाना) ............................ (यसपछि द्वितीय पक्ष भनिएको) बीच" नेपाल बिउ व्यवसायी संघको सहकार्यमा तरकारी बिउ उत्पादन कार्यक्रम" सञ्चालन गरी ................... उत्पादन तथा बजारीकरण कार्यका लागि देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ। यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएपछि यसै सम्झौताको दफा ३ मा उल्लेख भएको मिति देखि लागू हुनेछ।

१. सम्झौतामा संलग्नहरुको विवरण:

केन्द्र: राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रले यो सम्झौता कार्यान्वयनमा प्रथम पक्षको भूमिका निर्वाह गर्नेछ।

अनुदानग्राही/संघ:............ जिल्ला, ..........म.न.पा./उ.म.न.पा./ न.पा./गा.पा. वा.न. ............. स्थायी निवासी, श्री (बाजेको नाम)......................... को नाति, श्री....(बुबाको नाम) .................. ......को छोरा श्री (अनुदानग्राहीको नाम) .............................................. ले यो सम्झौता कार्यान्वयनमा द्वितीय पक्षको भूमिका निर्वाह गर्नेछ।

२. सम्झौता गरिएको कामको विवरण

"नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी वीउ उत्पादन कार्यक्रम" अन्तर्गत ...........................उत्पादन तथा बजारीकरण गर्ने प्रस्ताव ...................... केन्द्रले स्वीकृत गरेको छ। यसले केन्द्र र संघ बीच भए गरेका र सहमत भएका पछिल्ला सेवा तथा शर्तहरु समेतलाई यसपछि उप-आयोजना भनिनेछ। "नेपाल बीउ व्यवसायी संघको सहकार्यमा तरकारी बीउ उत्पादन कार्यक्रम संचालन प्रक्रिया, २०७६" अनुसार कार्यक्रममा तोकिएको क्रियाकलाप द्वितीय पक्षले गर्नुपर्नेछ।

३. उप आयोजनाको समयावधि

यो सम्झौता अनुसार अनुदान प्राप्त उप-आयोजना ........ महिनाका लागि कार्यान्वयन गरिनेछ र सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिन भित्र शुरु गर्नुपर्नेछ। विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ। उपरोक्त अनुसारको सहमती नभएसम्मका लागि यो उप आयोजनाको अवधि निम्नानुसार हुनेछ।

| | |
|---|---|
| शुरु मिति: | |
| सम्पन्न हुने मिति: | |

४. उप आयोजनाको कूल लागत तथा अनुदान विवरण

उप आयोजनाको कुल लागत अनुमान रु. ..................... (अक्षरेपी ............... रुपैयाँ मात्र) रहेको छ प्रथम पक्षले तालिकामा उल्लेख गरीए अनुसार कन्टिनजेन्सी रकम कट्टी गरी कुल रु. .................... (अक्षरेपी ............... रुपैयाँ मात्र) अनुदान उपलब्ध गराउनेछ।

तपशिल

| क्रस | विवरण | बजेट (रु.) |
|---|---|---|
| १ | पुँजिगत संरचना | |
| २ | मेशिनरी औजार | |
| ३ | चालु तथा अन्य | |
| | कूल लागत | |
| ४ | आवेदकले व्यहोर्ने रकम | |
| ५ | जम्मा अनुदान रकम | |
| ५ | कट्टी गर्ने कन्टिन्जेन्सी रकम | |
| ६ | केन्द्रवाट द्वितीय पक्षलाई उपलब्ध गराईने खुद अनुदान रकम | |

५.अनुदान प्रवाह तथा समायावधी

*अनुदान प्रवाह सम्वन्धी विधि र प्रक्रिया नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुने गरी सम्झौताका बखत उल्लेख गरिनेछ ।*

बैक खाताको विवरण
बैकको नाम र ठेगाना:
बैक खाता न:
बैक खाताको किसिम:
खाता संचालकको नाम तथा पद:

६. सम्झौता भएपछि द्वितीय पक्षले नेपाल सरकारको लोगो सहित उप आयोजनाको लागत र अनुदान रकम उल्लेख गरी ५x६ फिटको होर्डिंग बोर्ड सबैले देख्ने गरी उप-आयोजना स्थलमा राख्नुपर्नेछ। कार्य सम्पन्न भएपछि द्वितिय पक्षले सार्वजनिक सुनुवाई गर्नुपर्नेछ र उक्त सार्वजनिक सुनुवाईको माइनुटको रेर्कड केन्द्रमा पठाउनुपर्नेछ।

७. नेपाल बीउ व्यवसायी संघले कृषकहरुसँग सम्झौता गरी उत्पादन गरेको बिभिन्न तरकारीका बीउहरुको बजारीकरणमा सुनुश्चितता गर्नुपर्नेछ।

प्रथम पक्ष
नाम:
पद:
संस्थाको नाम र ठेगाना:
मिति:
हस्ताक्षर:

द्वितिय पक्ष
नाम:
पद:
संस्थाको नाम र ठेगाना:
मिति:
हस्ताक्षर:

साक्षीहरु

अनुसूची –६

(दफा १४ सँग सम्बन्धित)

<u>मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदनको ढाँचा</u>

महिना:

| क्र.सं. | कृषक/समूह/सहकारी/कम्पनी/फर्मको नाम | ठेगाना | सम्पर्क नं. | सम्झौता अनुसारको क्रियाकलापको विवरण | बाली | क्षेत्रफल | यस महिनाको क्रियाकलाप/ बालीको अवस्था | अपेक्षित बीउको परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२